आज मिति २०७८ साल पौष महिनाको ०३ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोंखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृतस्तर छैठौं, सा.प्र.

## बैठक संख्या : ९

## मिति २०७९/०९/०३ गतेको गाउँकार्यपालिकाको बैठकका पस्तावहरू

प्रस्ताब नम्बर १ : गढवा गाउँपालिकाको चालु आ.व. को पहिलो सार्वजनिक सुनुवाई कार्यक्रमको मिति तय गर्ने साथै कार्यक्रमको संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताब नम्बर २ : विशेष सभाको दोस्रो बैठकको मिति तय गर्ने साथै गाउँसभामा पेश गर्ने ऐन तथा कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर ३ : वडा नम्बर १, २ र ३ को जग्गाको हकमा अंशवण्डा र नामसारीको सिफारिसको अधिकार वडा कार्यालयहरूमा प्रत्यायोजन गर्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर ४ : नदिजन्य पदार्थको चोरी निकासी रोक्नका लागि जरिवाना तोक्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर ५ : गत असोज १५ गतेका दिन वडा नम्बर ५ स्थित संचालित निशुल्क स्वास्थ्य शिविर कार्यक्रमका लागि आर्थिक सहयोगको सर्मथन सम्बन्धमा ।

प्रस्ताब नम्बर ६ : नमूना प्रा.वि. महदेवा भौतिक पूर्वाधार निमार्ण स्थानान्तरण शीर्षकको रू २०,१५,३४३।४९ को भुक्तानी सम्बन्धमा ।

प्रस्ताब नम्बर ७ : लोक सेवा आयोग तयारी कक्षा संचालनका लागि सहभागी माग गर्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर ८ : स्वास्थ्य शाखा अर्न्तगत गढवा गाउँपालिकाभरमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताब नम्बर ९ : सरस्वती मा.वि. गोबरडिहा भवन निर्माणको गत वर्षको अपुग रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताब नम्बर १० : जेष्ठ नागरिक, दिर्घरोगीहरू तथा अपाङ्गहरूको नियमित मासिक स्वास्थ्य चेकजाँज कार्यक्रम कार्यान्वियनका लागि स्वास्थ्यकर्मिलाई प्रोत्साहन सम्बन्धमा ।

प्रस्ताब नम्बर ११ : नदिजन्य पदार्थको चोरी निकासी रोक्नलाई पक्राउ गरि सहयोग गर्ने नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलाई प्रोत्साहन सम्बन्धमा ।

प्रस्ताब नम्बर १२ : चालु आ.व. २०७९/०८० का लागि विनियोजित स्वास्थ्य शाखा अर्न्तगत निशुल्क आँखा उपचार कार्यक्रम शीर्षकमा विनियोजित बजेटको कार्यक्रम संचालनका लागि सम्झौता गरिएको २०० जनाको कोटा सकिएकोले थप उपचार सम्बन्धमा ।

प्रस्ताब नम्बर १३ : गढवा गाउँपालिकामा आवश्यक ८ थान खानेपानी फिल्टर र ८ थान प्रोजेक्टर खरिद सम्बन्धमा ।

प्रस्ताब नम्बर १४ : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ अर्न्तगत गढवा ५ सिमलतारामा संचालन हुने सिचाई कुलो तथा बाँध निर्माण योजना संचालन सम्बन्धमा ।

प्रस्ताब नम्बर १५ : गढवा ६ थान देउखरमा कृषि सिचाईको सहजताका लागि ट्रान्सफर्मरको व्यस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर १६ : नदिजन्य पदार्थको जफत गर्दा प्रयोग भएको साधनहरूको भाडा तथा खाना खाजा वापत भएको खर्चको भुक्तानी सम्बन्धमा ।

प्रस्ताब नम्बर १७ : सामाजिक सुरक्षा अर्न्तगतका सेवा ग्राहीहरूको परिचय पत्र कलर प्रिन्ट गर्नका लागि प्रत्येक वडा कार्यालयलाई उपलब्ध गराउन १० थान कलर प्रिन्टर खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताब नम्बर १८ : गढवा गाउँपालिकाले बरामद गरेको ढुङ्गाको लिलामी सम्बन्धमा ।

प्रस्ताब नम्बर १९ : गढवा गाउँपालिकाको पुरानो गाउँपालिका भवनमा रहेका कटान गरेको रूखको लिलामी सम्बन्धमा ।

प्रस्ताब नम्बर २० : गढवा गाउँपालिका वडा नम्बर ४ निवासी एक बालिकाको छिमेकी राष्ट्र भारतबाट उद्दार गरिएकोमा सो कार्यका लागि भएको खर्चको भुक्तानी सम्बन्धमा ।

प्रस्ताब नम्बर २१ : गढवा गाउँपालिका गाउँकार्यपालिका सदस्य श्री मिना पुनलाई आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नम्बर २२ : गढवा गाउँपालिका सुरक्षित नागरिक आबास कार्यक्रमका लागि अपुग आबेदन संकलन सम्बन्धमा ।

प्रस्ताव नम्बर २३ : विविध विषयमा ।

## मिति २०७९/०९/०३ गतेको गाउँकार्यपालिकाको बैठकका निर्णयहरू

### प्रस्ताव नम्बर १ : गाउँपालिकाको चालु आ.व. को पहिलो सार्वजनिक सुनुवाई कार्यक्रमको मिति तय गर्ने साथै कार्यक्रमको संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नम्बर १ :** प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० का लागि आयोजना हुने सार्वजनिक सुनुवाई कार्यक्रम गढवा गाउँपालिका वडा नम्बर १ स्थित कुलपानी सामुदायिक वनमा रहेको कुलपानी हरित पार्कमा यही पौष महिनाको २० गतेका दिन विहान ११ बजेदेखि संचालन गर्ने साथै उक्त कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि लुम्बिनी प्रदेश सुशासन केन्द्रबाट आर्थिक तथा प्राविधिक सहयोग हुने बुझिएकोले उक्त कार्यक्रम समन्वय तथा सहजिकरणका लागि यस गाउँपालिकाको तर्फबाट अधिकृत छैठौं श्री पुनाराम शर्मा तथा वडा नम्बर १ का वडा अध्यक्ष श्री बाबुराम अधिकारीलाई जिम्मेवारी तोक्ने साथै प्रचारप्रसारको लागि स्थानीय रेडियो तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक सूचना आह्वान गर्ने, वडा कार्यालय, चोक तथा भिडभाड हुने स्थानमा सार्वजनिक सूचना टाँस गर्ने निर्णय गरियो ।

### प्रस्ताव नम्बर २ : विशेष सभाको दोस्रो बैठकको मिति तय गर्ने साथै गाउँसभामा पेश गर्ने ऐन तथा कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नम्बर २ :** प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको विशेष सभाको दोस्रो बैठक यही मिति २०७९/०९/०६ गतेका दिन संचालन गर्ने र सो को लागि गाउँसभा सदस्यहरूलाई पत्राचार गर्ने निर्णय गरियो । साथै तपशिल बमोजिमका ऐन, नियमावली तथा कार्यविधिहरू आजको बैठकबाट स्वीकृत गरि उक्त गाउँसभामा कानून निर्माण प्रक्रियाका लागि पेश गर्ने निर्णय गरियो ।

तपशिल :

१. संस्था दर्ता ऐन २०७९
२. नगर प्रहरी ऐन २०७९
३. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मानजनक विदाई सम्बन्धी कार्यविधि २०७९
४. गाउँपालिकाले घर टहरा बहाल तथा जग्गा लिजमा दिने/लिने र सरकारी जग्गा लिजमा उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धी कार्यविधि २०७९
५. गढवा गाउँपालिकाको अस्पताल तथा स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन व्यवस्थापन कार्यविधि २०७९

### प्रस्ताव नम्बर ३ : वडा नम्बर १, २ र ३ को जग्गाको हकमा अंशवण्डा र नामसारीको सिफारिसको अधिकार वडा कार्यालयहरूमा प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**निर्णय नम्बर ३ :** प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा लुम्बिनी प्रदेश सरकारको मिति २०७७/०६/२० गतेका दिन लुम्बिनी प्रदेश राजधानी राप्ती उपत्यका देउखुरी दाङ तोकी राजधानी क्षेत्रमा यस गढवा गाउँपालिकाका वडा नम्बर १, २ र ३ लाई समेत समावेश गरेको सन्दर्भमा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २.१/ज.प्र./०७७/०७८( ज.टि.३२०५)४२१, मिति २०७७/१२/२३ गतेको रोक्का फुकुवा सम्बन्धमा विषयको पत्रको व्यहोरा बमोजिम वडा नम्बर १, २ र ३ भित्र पर्ने जग्गाहरूको हकमा एकाघरको अंशवण्डा सिफारिस तथा क वर्गको बैङ्कमा ऋण लिनका लागि धितो सुरक्षण वापत जग्गा राख्ने प्रयोजनका लागि सम्बन्धीत स्थानीय तहको प्रमुखको सिफारिस आवश्यक पर्ने प्रावधान रहेकोमा वडावासीहरूलाई सोही कामको लागि दोहोरो सिफारिस लिनुपर्ने, समय खर्चिनुपर्ने, वडा तथा गाउँपालिका धाउनुपर्ने भईरहेकोले कार्य सहजिकरण तथा जनमैत्री सेवा प्रबाहका लागि उक्त प्रकृतिका सिफारिस गर्न वडा नम्बर १, २ र, ३ मा सम्बन्धीत वडाका वडा अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने र सो को जानकारी मालपोत कार्यालय लमहीलाई समेत पठाउने निर्णय गरियो ।

### प्रस्ताव नम्बर ४ : नदिजन्य पदार्थको चोरी निकासी रोक्नका लागि जरिवाना तोक्ने सम्बन्धमा ।

**निर्णय नम्बर ४ :** प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगतका नदि तथा खोला घाटहरूमा विभिन्न समयमा नदिजन्य पदार्थ (गिट्टी, ढुङ्गा, बालुवा) चोरीका घटनाहरू भईरहने भएकोले गाउँपालिका भित्र हुने यस्ता चोरीका घटनाहरूलाई निरुत्साहित गरि गाउँपालिकाको आन्तरिक आयलाई व्यवस्थित गर्नका लागि चोरी गर्ने क्रममा पक्राउ परेका मालबाहक साधन तथा मेसीनरीहरूलाई तपशिल बमोजिमको जरिवाना निर्धारण गर्ने निर्णय गरियो ।

शर्मा पोखेल

तपशिल :

| | |
|---|---|
| जे.सि.बी. | ७५ हजार |
| एक्साभेटर | १ लाख |
| ट्रिप्पर | ५० हजार |
| ट्रक | ५० हजार |
| टेक्ट्रर | २० हजार |
| पावर टेलर | ५ हजार |

साथै चोरी भएको थाहा भई स्थलगत रूपमा जाँदा मालबाहक/सवारी साधन, मेसीनरी नभेटिई नदिजन्य पदार्थ डम्पिङ गरी राखेको अथवा डम्पिङ गरि राखेको स्टक नभेटिएमा उक्त चोरीमा संलग्न व्यक्ति, संस्था, व्यवसायी आदिले चोरेको पत्ता लागेमा उत्खनन् भएको स्थानको खाडल नापजाँच गरी चोरी भएको परिमाण थाहा हुन आएमा प्रदेश सरकारको प्रचलित नदिजन्य पदार्थको राजश्वको दरको दुईगुणा हुन आउने गरि जरिवाना गर्ने निर्णय गरियो ।

प्रस्ताब नम्बर ५ : गत असोज १५ गतेका दिन वडा नम्बर ५ स्थित संचालित निशुल्क स्वास्थ्य शिविर कार्यक्रमका लागि आर्थिक सहयोगको सर्मथन सम्बन्धमा ।

**निर्णय नम्बर ५ :** प्रस्ताब नम्बर ५ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगत वडा नम्बर ५ मा यही मिति २०७९/०६/१५ गतेका दिन निसराउ समुह र गढवा गाउँपालिकाको संयुक्त आयोजनामा साझेदारीमा निशुल्क स्वास्थ्य शिविर कार्यक्रम संचालन गरेकोमा गढवा गाउँपालिकाको तर्फबाट रू एक लाख पचास हजार रूपैया साझेदारी बापत निसराउ समुहलाई चालु आ.व. को स्वास्थ्य शिविर संचालन कार्यक्रम शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताब नम्बर ६ : नमूना प्रा.वि. महदेवा भौतिक पूर्वाधार निमार्ण स्थानान्तरण शीर्षकको रू २०,१५,३४३।४९ को भुक्तानी सम्बन्धमा ।

**निर्णय नम्बर ६ :** प्रस्ताब नम्बर ६ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको गत आ.व. २०७८/०७९ मा बजेट विनियोजन भई यस गाउँपालिका अर्न्तगत वडा नम्बर २, मा संचालित नमूना प्रा.वि. महदेवा भौतिक पूर्वाधार निमार्ण स्थानान्तरण शीर्षकको योजना रू २०,१५,३४३।४९ मा ठेक्का कबोल भएकोमा गत आ.व. मा सम्पन्न हुन नसकि अधुरो हुन गएको र चालु आ.व. का लागि म्याद थप समेत गरिएको तर भुलवश बजेट विनियोजन गर्न छुट भएकोमा यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० मा विनियोजित बजेटमा प्रदेश समपुरक योजनाहरू ठेक्का आह्वान भई घटी अङ्क कबोल समेत गरिसकेकोले घटि घटाउ हुने रकम मध्ये ५० प्रतिशत रकम गाउँपालिकाको समपुरक कोषमा नै जम्मा हुने भएकोले उक्त योजनाको सोही समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताब नम्बर ७ : लोक सेवा आयोग तयारी कक्षा संचालनका लागि सहभागी माग गर्ने सम्बन्धमा ।

**निर्णय नम्बर ७ :** प्रस्ताब नम्बर ७ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको चालु आ.व. को योजना तथा कार्यक्रम अर्न्तगत महिला तथा बालबालिका शाखा अर्न्तगत विभिन्न शीर्षकमा तपशिल बमोजिम लोकसेवा आयोग तयारी कक्षा संचालन शीर्षकमा बजेट विनियोजन भएकोमा उक्त ४ वटै शीर्षकहरूबाट एकमुष्ट कार्यक्रम संचालन गर्ने र सो को लागि जुन जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही वर्ग, जाती, लिङ्ग, समुदायको प्राथमिकतापूर्वक सहभागिता रहनेगरी जम्मा ५० जना प्रशिक्षार्थी नबढ्नेगरि वडा कार्यालयबाट सहभागी माग गरि लोकसेवा आयोग तयारी कक्षा संचालन गर्ने निर्णय गरियो ।

तपशिल :
दलित तर्फ लोकसेवा कक्षा संचालन : ५० हजार
आदिबासी जनजाती तर्फ लोकसेवा कक्षा संचालन : १ लाख
महिला तर्फ लोकसेवा कक्षा संचालन : १ लाख ४० हजार
मधेशी मुस्लिम तर्फ लोकसेवा कक्षा संचालन : १ लाख
जम्मा : ३ लाख ९० हजार

प्रस्ताब नम्बर ८ : स्वास्थ्य शाखा अर्न्तगत गढवा गाउँपालिकाभरमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नम्बर ८ :** प्रस्ताब नम्बर ८ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी र विस्तार गर्नका लागि तपशिल बमोजिम कर्मचारी थप गर्न र सो को पदपुर्ति गर्नका लागि सेवा करारमा भर्ना गर्ने सम्बन्धमा स्वीकृतिका लागि गाउँसभाको विशेष अधिवेशनको आउँदो बैठकमा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | आवश्यक कर्मचारी संख्या | |
|---|---|---|---|
| | | अ.हे.ब. | कार्यालय सहयोगी |
| १ | कक्रहवा गाउँघर क्लिनिक | १ | |
| २ | खबरी गाउँघर क्लिनिक | १ | |
| ३ | दाङ देउखुरी सर्पदंश उपचार केन्द्र | ३ | १ |

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ४ | गढवा स्वास्थ्य चौकी , ईमरजेन्सी | ३ | २ |
| ५ | मुसी नाका, गाउँघर क्लिनिक | १ | |
| ६ | खबरी नाका, गाउँघर क्लिनिक | १ | |
| | जम्मा | १० | ३ |

प्रस्ताब नम्बर ९ : सरस्वती मा.वि. गोबरडिहा भवन निर्माणको गत वर्षको अपुग रकम भुक्तानी सम्बन्धमा ।

**निर्णय नम्बर ९ :** प्रस्ताब नम्बर ९ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको गत आ.व. २०७८/०७९ को सरस्वति मा.वि. गोबरडिहाका भवन निर्माण आ.व. २०७७/०७८ को क्रमए को अधुरो योजनाको ठेक्का कबोल बमोजिम अपुग (छुट) रकम उज्वल निर्माण सेवालाई रू १,३३,८०२।५१ (अक्षेरेपी एक लाख तेत्तिस हजार आठ सय दुई रूपैया एकाउन्न पैशा भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताब नम्बर १० : जेष्ठ नागरिक, दिर्घरोगीहरू तथा अपाङ्गहरूको नियमित मासिक स्वास्थ्य चेकजाँज कार्यक्रम कार्यान्वियनका लागि स्वास्थ्य कर्मिलाई प्रोत्साहन सम्बन्धमा ।

**निर्णय नम्बर १० :** प्रस्ताब नम्बर १० उपर छलफल गर्दा नेपाल सरकारको सशर्त कार्यक्रम अर्न्तगत ७० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई स्वास्थ्यकर्मीद्वारा चौमासिक रूपमा घरमै गएर उपचार सेवा कार्यक्रम हाल यस गढवा गाउँपालिकामा संचालन भईरहेकोमा सोही कार्यक्रमको समयमा स्वास्थ्यकर्मिहरूद्वारा यस गढवा गाउँपालिका अर्न्तगतका आ-आफ्नो वडामा रहेका दिर्घरोगीहरू तथा अपाङ्गहरूको समेत संख्या एकिन गरि घरमा गएर चौमासिक रूपमा स्वास्थ्य चेकजाँच सेवा प्रदान गर्ने र उक्त सेवा प्रवाह गरेवापत उक्त कार्यमा संलग्न स्वास्थ्यकर्मिहरूलाई प्रोत्साहन वापत चौमासिक रूपमा प्रत्येक वडाको लागि रू ५००० रूपैया कर्मचारी प्रोत्साहन शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताब नम्बर ११ : नदिजन्य पदार्थको चोरी निकासी रोक्नलाई पक्राउ गरि सहयोग गर्ने नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलाई प्रोत्साहन सम्बन्धमा ।

**निर्णय नम्बर ११ :** प्रस्ताब नम्बर ११ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगतका नदि तथा खोला घाटहरूमा विभिन्न समयमा नदिजन्य पदार्थ (गिट्टी, ढुङ्गा, बालुवा) चोरीका घटनाहरू भईरहने भएकोले गाउँपालिका भित्र हुने यस्ता चोरीका घटनाहरूलाई निरूत्साहित गरि चोरी कार्यमा संलग्नलाई जरिवाना गर्ने र चोरी नियन्त्रण कार्यमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलाई तदारूकताका साथ लाग्नका लागि प्रोत्साहन रकम उपलब्ध गराउने र उक्त प्रोत्साहन रकम चोरी वापत गरिने जरिवानाको २५ प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताब नम्बर १२ : चालु आ.व. २०७९/०८० का लागि विनियोजित स्वास्थ्य शाखा अर्न्तगत निशुल्क आँखा उपचार कार्यक्रम शीर्षकमा विनियोजित बजेटको कार्यक्रम संचालनका लागि सम्झौता गरिएको २०० जनाको कोटा सकिएकोले थप उपचार सम्बन्धमा ।

**निर्णय नम्बर १२ :** प्रस्ताब नम्बर १२ उपर छलफल गर्दा चालु आ.व. २०७९/०८० का लागि विनियोजित स्वास्थ्य शाखा अर्न्तगत निशुल्क आँखा उपचार कार्यक्रम शीर्षकमा विनियोजित बजेटको कार्यक्रम संचालनका लागि सम्झौता गरिएको २०० जनाको सम्झौता बमोजिम उपचार कार्य सम्पन्न भईसकेको अस्पताल प्रशासनबाट जानकारी भई आएको तर यस गढवा गाउँपालिका अर्न्तगत सम्पूर्ण वडाहरूमा भएको स्क्रीनिङ बमोजिम चेकजाँचबाट मोतिबिन्दुको शल्यक्रिया आवश्यक पर्ने गढवावासी नागरिकहरूको उपचारका लागि लमही आँखा अस्पताललाई पत्राचार गर्ने र सो बापत लमही आँखा अस्पताललाई अस्पतालको लागत बमोजिम वा सोही अनुरूप आवश्यक अनुदानको व्यवस्थाका लागि बजेट व्यवस्थापनका सन्दर्भमा आउँदो गाउंकार्यपालिकाको बैठकमा प्रस्ताब पेश गर्ने निर्णय गरियो ।

प्रस्ताब नम्बर १३ : गढवा गाउंपालिकामा आवश्यक ८ थान खानेपानी फिल्टर र ८ थान प्रोजेक्टर खरिद सम्बन्धमा ।

**निर्णय नम्बर १३ :** प्रस्ताब नम्बर १३ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगतका ८ वटै वडाहरूमा १/१ वटा प्रोजेक्टरका दरले ८ थान प्रोजेक्टर र वडा नम्बर १, २, ३, ४ र ८ गरि ५ वटा वडाहरूमा र गाउंकार्यपालिकाको कार्यालयको ३ वटै तलामा १/१ थान गरि जम्मा ८ थान आरो फिल्टर खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताब नम्बर १४ : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ अर्न्तगत गढवा ५ सिमलतारामा संचालन हुने सिचाई कुलो तथा बाँध निर्माण योजना संचालन सम्बन्धमा ।

**निर्णय नम्बर १४ :** प्रस्ताब नम्बर १४ उपर छलफल गर्दा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ अर्न्तगत यस गढवा गाउँपालिका वडा नम्बर ५ सिमलतारा टोलमा कार्यान्वियन हुने योजना सिमलतारा सिचाई कुलो तथा बाँध निर्माण योजना कार्यन्वियन उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १५ : गढवा ६ थान देउखरमा कृषि सिचाईको सहजताका लागि ट्रान्सफर्मरको व्यवस्था गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १५ :** प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा गढवा गाउँपालिकाको वडा नम्बर ६ अर्न्तगत थानदेउखरमा पहिले देखि सिचाईको लागि प्रयोग हुँदै आएको ट्रान्सफर्मर बिग्रिएकोले हाल सिचाईको लागि अत्यन्तै समस्या भईरहेको सन्दर्भमा उक्त बिग्रिएको ट्रान्सफर्मरको मर्मत गर्ने र मर्मत बापत हुने खर्च गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी दिनेगरि निर्माण कार्यका लागि वडा नम्बर ६ लाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १६ : नदिजन्य पदार्थको जफत गर्दा प्रयोग भएको साधनहरूको भाडा तथा खाना खाजा वापत भएको खर्चको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर १६ :** प्रस्ताव नम्बर १६ उपर छलफल गर्दा गढवा गाउँपालिकाको राप्ती नदि किनार तथा खोलाहरूको बगर क्षेत्रमा अवैध रूपमा डम्पिङ गरि राखेको नदिजन्य पदार्थको जफतका लागि यस अघिको गाउँकार्यपालिकाको बैठकको निर्णय जफत गर्ने निर्णय भएकोमा उक्त जफत कार्यका लागि जनशक्ति व्यवस्थापन प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगारहरूबाट गरिएकोमा सो कार्यको श्रमिकको ज्याला भुक्तानी सोही कार्यक्रमबाट दिने साथै जफत कार्यमा ट्याक्टरहरू प्रयोग गरिएकोमा सो ट्याक्टर भाडा र खाना खाजा खर्चको तपशिल बमोजिमको भुक्तानी यस गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट दिने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | शीर्षक | रकम (रू.) | कैफियत |
|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट काममा लगाईएका श्रमिकहरूको ज्याला बापत | ४,६२,८७५।- | |
| २ | टेक्टर भाडा वापत | ७,९८,०००।- | |
| ३ | खाना तथा खाजा खर्च | ८६,३४० | |
| | जम्मा | १३,४७,२१५ | |

साथै जफत कार्यमा श्रमिकहरू प्रयोग गर्दा नाम र ठेगाना दोहोरिन गई प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत यस गढवा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत नभएको केही श्रमिकहरू समेत उक्त कार्यमा कामकाजमा खटाईएको जानकारीमा आएकोले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट भुक्तानी हुन नसक्ने श्रमिकहरूको हकमा निजलाई सोह दरमा यस गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट व्ययभार पर्नेगरि भुक्तानी दिने निर्णय गरियो । साथै जफत कार्य पश्चात नदिको गहिराई तथा त्यहाँ सिर्जित परिस्थितीका कारण सुरक्षित स्थानमा स्थानान्तरण गर्न नसकिएको र उक्त जफत गरेको ढुङगा राप्ती नदिकै बगर क्षेत्रको ३ ठाउँमा एकिकृत गरि थुप्रो पारि राखिएकोमा उक्त ढुङ्गा अबैध संकलनमा संलग्न गिरोहले रातको समयमा जतिबेला पनि चोरी गर्न सक्ने र बस्ती देखि टाढा समेत भएकोले उक्त ३ थुप्रो ढुङ्गाको पहरा दिनका लागि २ जना व्यक्ति दैनिक रूपमा उक्त ढुङ्गाको लिलामी प्रक्रिया सम्पन्न नहुन्जेल सम्मका लागि खटाउने र जोखिमको कार्य तथा पौष महिनाको रातको समयमा दैनिक श्रमिको ज्यालादारीमा काम गर्न कोहि ईच्छुक नहुने देखिएकोले उक्त कार्यको लागि जनही दैनिक रू १००० रूपैया ज्यालादारीमा पहरा दिने कार्यमा खटाउने र सो को भुक्तानी समेत विपद व्यवस्थापन कोषबाट दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १७ : सामाजिक सुरक्षा अर्न्तगतका सेवा ग्राहीहरूको परिचय पत्र कलर प्रिन्ट गर्नका लागि प्रत्येक वडा कार्यालयलाई उपलब्ध गराउन १० थान कलर प्रिन्टर खरिद गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १७ :** प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा सामाजिक सुरक्षा परिचय पत्र वडा तहवाटै प्रदान गर्नका लागि ८ वटै वडा कार्यालयहरूमा, तथा गाउँपालिका अर्न्तगत सामाजिक सुरक्षा शाखामा साथै स्थानीय राजपत्र छपाई कार्यका लागि सामान्य प्रशासन शाखाका लागि १/१ थान गरि जम्मा १० थान कलर प्रिन्टर खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १८ : गढवा गाउँपालिकाले बरामद गरेको ढुङ्गाको विक्रि सम्बन्धमा ।**

**निर्णय नम्बर १८ :** प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा निर्णय नम्बर १६ मा उल्लेखित ढुङगाको केही भाग विविध कारणबंश राप्ती नदिकै बगर क्षेत्रको ३ ठाउँमा एकिकृत गरि थुप्रो पारि राखिएकोमा उक्त ढुङ्गा अबैध संकलनमा संलग्न गिरोहले रातको समयमा जतिबेला पनि चोरी गर्न सक्ने र बस्ती देखि टाढा समेत भएकोले उक्त ३ थुप्रो ढुङ्गाको तपशिल बमोजिम यथाशिघ्र विक्री गर्ने साथै उक्त संकलित ढुङ्गाको प्रचलित नियमानुसारको रोयल्टी साथै गढवा गाउँपालिकाबाट जफत कार्यमा प्रयोग गरिएका साधनहरूको भाडा, श्रमिकहरूको ज्याला समेत तथा कार्यक्रमको विविध खर्च समेटेर उक्त नदिजन्य पदार्थ ८० घन फिट अट्ने टेक्टरको औषत आयतन मानि प्रति टिप रू २२०० का दरले विक्रि गर्नका लागि २ नम्बर वडा कार्यालयलाई जिम्मेवारी दिने साथै सो विक्रि कार्यका लागि पत्राचार गर्ने निर्णय गरियो ।

---

नारायण शर्मा पोखेल
अध्यक्ष

**प्रस्ताव नम्बर १९ : गढवा गाउँपालिकाको पुरानो गाउँपालिका भवनमा रहेका कटान गरेको रूखको लिलामी सम्बन्धमा ।**

**निर्णय नम्बर १९ :** प्रस्ताव नम्बर १९ उपर छलफल गर्दा मिति २०७९/०८/१३ गतेको गाउँकार्यपालिकाको निर्णयानुसार सभामुख निवास निर्माणका लागि आवश्यक भौतिक संरचना निर्माण कार्यका लागि पुरानो गाउँकार्यपालिकाको कार्यालय रहेको जग्गाको साँधमा रहेका ४८ थान रूखहरू सव डिभिजन वन कार्यालय गढवा दाङको प्राविधिक सहजिकरणमा कटान गरिएकोमा सो रूख कटान गरि तयार भएको काठको आवश्यक प्रक्रिया बमोजिम लिलामी विक्रि गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर २० : गढवा गाउँपालिका वडा नम्बर ४ निवासी एक बालिकाको छिमेकी राष्ट्र भारतबाट उद्दार गरिएकोमा सो कार्यका लागि भएको खर्चको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर २० :** प्रस्ताव नम्बर २० उपर छलफल गर्दा यस गढवा गाउँपालिका वडा नम्बर ४ निवासी श्री दुधिराम चौधरीकी छोरी वर्ष १६ की श्री सिर्जना चौधरीलाई विभिन्न वाहाना तथा प्रलोभनमा पारि छिमेकी राष्ट्र भारतसम्म पुऱ्याएको थाहा पाउनासाथ वडा नम्बर ४ का वडा अध्यक्ष श्री हरिभगत चौधरीको संयोजकत्वमा परिवारका सदस्य, गाउँपालिकाका कर्मचारीहरू पटक-पटक गरि ४ पटकसम्म भारतको लक्ष्मणनगरमा धाएर ३१ दिनपश्चात उक्त बालिकाको सकुशल उद्दारकार्य भई निजको परिवारलाई समेत बुझाईसकिएकोले उक्त कार्यमा खर्च भएको गाडी भाडा, होटल खर्च, तथा विविध मसलन्द गरि जम्मा रू ६९,०००।- खर्च भएको बुझिएकोले यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० को महिला तथा बालबालिका शाखा अर्न्तगत विनियोजित बजेट शीर्षक नम्बर २३ को महिला तर्फ : घरेलु हिंसा, लेङ्गिक हिंसा तथा मानव बेचविखन सम्बन्धी सचेतनामुलक कार्यक्रम शीर्षकमा विनियोजन भएको रू १,६०,०००।- मध्येबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर २१ : गढवा गाउँपालिका वडा नम्बर ८ कि गाउँकार्यपालिका सदस्य मिना पुनलाई आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय नम्बर २१ :** प्रस्ताव नम्बर २१ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँकार्यपालिका सदस्य मिना पुनको यहि मिति २०७८ साल मंसिर महिनाको १३ गतेका दिन सडक दुर्घटना भएको खबरले यस गाउँपालिका परिवार दुखित भएको छ साथै निजको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै । साथै निजको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेको बुझिएकोले निजको उपचार खर्च बापत रू २५,०००।- (अक्षेरेपी पच्चिस हजार रूपैँया मात्र) निजलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर २२ : गढवा गाउँपालिका सुरक्षित नागरिक आबास कार्यक्रमका लागि अपुग आबेदन संकलन सम्बन्धमा ।**

**निर्णय नम्बर २२ :** प्रस्ताव नम्बर २२ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगत सुरक्षित नागरिक आवास कार्यक्रममा तपशिल बमोजिम विवरण भएको पाईएकोले थप लाभग्राही छनौटका लागि अपुग फाराम सम्बन्धीत वडा कार्यालयबाट एक साता भित्र आवेदन फाराम पठाउने निर्णय गरियो ।
तपशिल :

| क्र.स. | वडा नम्बर | जम्मा कोटा | छनौट भएका घरधुरी | अपुग लाभग्राही | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ३०० | २७१ | २९ | |
| २ | २ | २८५ | १९८ | ८७ | |
| ३ | ३ | १५० | १४१ | ९ | |
| ४ | ४ | १५५ | १५१ | ४ | |
| ५ | ५ | १७५ | १७५ | ० | |
| ६ | ६ | २८५ | २६५ | २० | |
| ७ | ७ | १०० | ९६ | ४ | |
| ८ | ८ | ५० | ५० | ० | |

**निर्णय नम्बर २३ :** प्रस्ताव नम्बर २३ उपर छलफल गर्दा विविध विषय अर्न्तगत यस गढवा गाउँपालिका वडा नम्बर ५ पर्सिया कुलो सिचाई मर्मत गर्न अत्यावश्यक भएको र उक्त कार्य ढिलाई भएमा सिचाईको सहज व्यवस्था नहुँने र बालीनाली समेत नोक्सान हुने, उत्पादन घट्ने देखिएकोले तत्कालका लागि प्राविधिक लागत ईस्टिमेट बमोजिम रू १,२१,००० लागत बराबर गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट व्ययभार पर्ने गरि विपद सम्बन्धी कार्य उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष